आज मिति २०८०/०५/०[illegible] गतेका दिन यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष एवम् स्थानिय विपद व्यवस्थापन समितिका संयोजक श्री रिङजीन नामगेल गुरुङ ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका उपस्थितिहरुमा बैठक बसी निम्न बमोजिमको निर्णय गरियो।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| अध्यक्ष,श्री रिङजीन नामगेल गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा | संयोजक |
| उपाधक्ष्य,श्री ढिकि गुरुङ, वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, श्री होम बहादुर थापा मगर,वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक, सुरेन्द्र गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| वडा नं ४ कार्यवहाक वडाध्यक्ष, धावा धोर्जे गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| कागबेनी प्रहरी प्रमुख,रेख बहादुर थापा, वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| योजना शाखा प्रमुख,प्रेम प्रसाद भट्टराई, वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| प्रविधिक शाखा प्रमुख,पुस्पराज जोशी, वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य |
| विपद् व्यवस्थापन शाखाको फोकल पर्सन,दिवस सापकोटा, वारागुङ मुक्तिक्षेत्र गा.पा | सदस्य - सचिव |

<u>अन्य उपस्थिति</u>

स्वास्थ्य शाखा संयोजक,खगेन्द्र बोहोरा, वारागुङ मुक्तिक्षेत्र गा.पा

कृषि शाखा प्रमुख,विकास पाण्डे, वारागुङ मुक्तिक्षेत्र गा.पा

पशु शाखा प्रमुख,समिक्षा कठायत, वारागुङ मुक्तिक्षेत्र गा.पा

MIS फिल्ड सहायक,सुजा वि.क., वारागुङ मुक्तिक्षेत्र गा.पा

महिला विकास निरक्षक,~~बिनिता~~ ललिता पौडेल, वारागुङ मुक्तिक्षेत्र गा.पा

रोजगार संयोजक,सोनोपल थकाली,वारागुङ मुक्तिक्षेत्र गा.पा

<u>विशेष उपस्थिति</u>

फुन्चोक छेप्तेन गुरुङ

भिम बहादुर गुरुङ

आङछेन गुरुङ

केशर गुरुङ

फुन्जोक गुरुङ

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

निर्णयहरु:

१. स्थानिय विपद व्यवस्थापन समिति, वारागुङ मुक्तिक्षेत्र गा.पा.को मिति २०८०/०४/ २९ गतेको निर्णय अनुसार गठित *तथ्याङ्क सङ्कलन उप-समिति* बाट पेश भई आएको क्षतीको विवरण जिल्ला विपद व्यवस्थापन समिति लगायत सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो।

२. तपशिल बमोजिमका प्राथमिकता अनुसार कार्य गर्ने गराउने गरि निर्णय गरियो।

तपशिल:

क) खोलाको क्षेत्रमा बस्ती जोखिम न्यूनिकरण गर्न मेशिन प्रयोग गरि सुरक्षित गर्ने।

ख) बाढि पहिरोले भत्काएको गोठहरुमा भएका गाई-गोरु,च्याङ्ग्रा लगाएत मरेका पशुचौपायाहरुलाई दफन क्षेत्र निर्धारण गरी सम्भावित मानविय रोग फैलिन नदिन जमिनमुनि सुरक्षित साथ दफन गर्ने गराउने।

ग) कागवेनी-छुसाङ सडकखण्ड अन्तर्गत कागखोलाको RCC पुल क्षेत्रमा पर्यटक र स्थानियहरुको सहज आवतजावतका लागि आवश्यक परेको खण्डमा त्यस क्षेत्रमा मेशिन प्रयोग गरी यातायात सेवा सञ्चालन गर्ने गराउने।

घ) बाढि प्रभावित क्षेत्रमा सिचाई कुलो संरचना तिन स्थानको पुर्णरुपमा बगाएको/भत्किएको हुदा याथाशिघ्र सञ्चालनमा ल्याउन आवश्यक कार्य गर्ने।

ङ) कागवेनी श्राद्दस्थल क्षेत्र र जनशान्ती मा.वि. परिसरको बाढि पहिरो(लेदो) मेशिन प्रयोग गरि संरक्षण र जोखिम न्यूनिकरण गर्ने।

च) कागवेनी-तिरी झोलुङ्गे पुल पुनः व्यवस्थापन र तिरि तर्फको गोरेटो बाटो तत्काल मर्मत गराउने।

छ) बाढि पहिरोले भत्किएका घरको बहुमुल्य सरसामाग्रिहरु यकिन गरि मेशिनद्वारा निकाल्न कार्ययोजना तय गर्ने गराउने,साथै कागवेनी वस्ती संरक्षण समितिले प्राथमिकता तय गरि स्थानिय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने गराउने।

३. कागवेनी बस्ती संरक्षण तथा उद्धार कार्यका लागी खरिद गरिएको १५ब्यारेल ईन्धनको रकम र ढुवानिको रकम भुक्तानि गर्ने निर्णय गरियो।

रिङजीन नाम्गेल गुरुङ
अध्यक्ष
वारगुङ मुक्तिक्षेत्र गाउँपालिका